# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६२/६३ को पहिलो त्रयमासको तथ्याङ्कमा आधारित)*

## नेपाल राष्ट्र बैंक

**मंसिर २०६२**

***www.nrb.org.np***

## कार्यकारी सारांश

१ आर्थिक वर्ष २०६२/६३ को पहिलो त्रयमाससम्ममा विस्तृत मुद्रा प्रदाय ३.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा विस्तृत मुद्रा प्रदाय १.५ प्रतिशतले बढेको थियो ।

२ मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्ति अघिल्लो वर्ष १.३ प्रतिशतले घटेको विपरीत यस वर्ष १.४ प्रतिशत (रु १ अर्ब ५४ करोड) ले बढेको कारण विस्तृत मुद्रा प्रदाय समीक्षा अवधिमा बढी दरले विस्तार भएको हो ।

३ मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी आर्थिक वर्ष २०६२/६३ को पहिलो त्रयमाससम्ममा ३.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त दावी ५.७ प्रतिशतले वृद्धि भएको थियो । वाणिज्य बैंकहरुको समयावधि पुगेका केही कर्जाहरु असूली भएकोले निजी क्षेत्रमा प्रवाहित बैंक कर्जा विस्तार दरमा समीक्षा अवधिमा कमी आएको हो ।

४ आवधिक निक्षेप वृद्धिदर अघिल्लो वर्षको २.२ प्रतिशतबाट समीक्षा अवधिमा ३.४ प्रतिशतमा उक्लेको छ । केही वाणिज्य बैंकहरुको निक्षेपदर बढेको, निजी क्षेत्रको विप्रेषण आप्रवाह वृद्धि भएको र आवधिक निक्षेपसम्बन्धी विविध कार्यक्रमहरु संचालनमा आएका कारण समीक्षा अवधिमा आवधिक निक्षेपमा सुधार आएको हो ।

५ अल्पकालीन ब्याजदरमा अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा उल्लेख्य उतार चढाव आएको छैन । आर्थिक वर्ष २०६२/६३ को मौद्रिक नीतिमा मौद्रिक कारोवारलाई पारदर्शी बनाइएको र स्थायी तरलता सुविधाको अधिकतम समयावधि ५ दिनबाट ३ दिनमा झारिएको हुनाले अन्तरबैंक कारोवार उल्लेख्य रुपमा बढेको छ । यसले गर्दा वाणिज्य बैंकको स्थायी तरलता सुविधा उपयोगमा कमी आएको छ ।

६ शेयर बजारतर्फ नेप्से परिसूचक २०६१ आश्विन मसान्तको तुलनामा २०६२ आश्विन मसान्तमा २८.५ प्रतिशतले वृद्धि भई २९७.३४ विन्दुमा पुगेको छ । सूचीकृत कम्पनीको संख्या २०६१ आश्विन मसान्तको ११६ बाट २०६२ आश्विनमा १२५ पुगेको छ । सूचीकृत कम्पनीहरुको चुक्ता पूँजी २०६१ आश्विनको रु. १२ अर्ब ५४ करोडको तुलनामा २०६२ आश्विनमा रु. १७ अर्व ४६ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्थाहरुको सूचिकृत संख्या र उनीहरुले वित्तरण गर्ने अग्राधिकार शेयर र वोनस शेयरको मात्रा बढेकोले पूँजी बजारमा सुधार आएको हो ।

७ शेयर बजारमा बजार पूँजीकरण २०६१ आश्विनको रु. ४४ अर्व ४७ करोडको तुलनामा २०६२ आश्विनमा ५२.९ प्रतिशतले वृद्धि भई रु. ६८ अर्व १ करोड पुगेको छ । बजार पूँजीकरण कुल गार्हस्थ्य उत्पादन अनुपात २०६१ आश्विनको ९.० प्रतिशतबाट बढेर २०६२ आश्विनमा १२.८ प्रतिशत पुगेको छ ।

८ आर्थिक वर्ष २०६२/६३ को पहिलो त्रयमासमा उपभोक्ता मूल्य वर्षिक विन्दुगत आधारमा .७.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष मुद्रास्फीतिदर २.६ प्रतिशत मात्र रहेको थियो । आर्थिक वर्ष २०६२/६३ को पहिलो त्रयमासमा वार्षिक औसत मुद्रास्फीति दर ५.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा वार्षिक औसत मुद्रास्फीतिदर ३.४ प्रतिशत रहेको थियो ।

९ आर्थिक वर्ष २०६२/६३ को पहिलो त्रयमाससम्म नगद कारोवारमा आधारित श्री ५ को सरकारको बजेट घाटा ८८.० प्रतिशतको उच्च दरले ह्रास भई रु. ५ करोडमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा बजेट घाटा रु. ४२ करोड थियो । श्री ५

को सरकारको कुल खर्चको तुलनामा साधनको वृद्धिदर उच्च रहेको कारण समीक्षा अवधिमा बजेट घाटामा कमी आएको हो ।

१० श्री ५ को सरकारको कुल खर्च अघिल्लो वर्ष ३.१ प्रतिशतले घटेको तुलनामा समीक्षा अवधिमा १२.४ प्रतिशतले बढेको छ । कुल खर्च (रु. १६ अर्ब ६१ करोड) मध्ये चालु खर्चको अंश ७३.७ प्रतिशत (रु. १२ अर्ब २४ करोड) रहेको छ भने पूँजीगत खर्चको अंश ८.७ प्रतिशत (रु. १ अर्ब ४५ करोड) रहेको छ । साँवा भुक्तानीको अंश ३.७ प्रतिशत (रु. ६१ करोड) रहेको छ भने फिज खाताको अंश १३.९ प्रतिशत (रु. २ अर्ब ३१ करोड) रहेको छ । स्मरण रहोस गत वर्ष यसै अवधिको कुल सरकारी खर्चमा चालु खर्चको अंश ७८.० प्रतिशत, पूजीगत खर्चको अंश ५.६ प्रतिशत र साँवा भुक्तानीको अंश ७.१ प्रतिशत रहेको थियो भने फ्रिज खर्चको अंश ९.४ प्रतिशत थियो ।

११ श्री ५ को सरकारको गैर ऋण साधन अघिल्लो वर्ष १६.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १५.३ प्रतिशतले वृद्धि भएको छ । कुल गैर ऋण साधन (रु. १६ अर्ब ५६ करोड) मध्ये राजश्व अघिल्लो वर्ष १७.३ प्रतिशतले वृद्धि भएको तुलनामा समीक्षा अवधिमा ०.६ प्रतिशतको सीमान्त दरले मात्र वृद्धि भएको छ । कुल गैर ऋण साधन परिचालनमा राजश्वको अंश गत वर्ष ८८.६ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ७७.३ प्रतिशतमा झरेको छ ।

१२ वाह्य क्षेत्रतर्फ, समीक्षा अवधिमा मौद्रिक सर्वेक्षणमा आधारित शोधनान्तर बचत रु. १ अर्ब ५४ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा मुलकको शोधनान्तर स्थिति रु. १ अर्ब ४१ करोडले घाटामा थियो । निजी क्षेत्रको विप्रेषण आप्रवाह वृद्धि भएबाट समीक्षा अवधिमा शोधनान्तर बचत भएको हो ।

१३ आर्थिक वर्ष २०६२/६३ को पहिलो त्रयमाससम्ममा कुल निर्यात १७.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात ११.४ प्रतिशतले बढेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात ३१.२ प्रतिशतले वृद्धि भएको छ भने तेस्रो मुलुकतर्फको निर्यात २.५ प्रतिशतले घटेको छ ।

१४ कुल आयात अघिल्लो वर्ष १.४ प्रतिशतले घटेको विपरीत यस वर्ष ३४.८ प्रतिशतले बढेको छ । कुल आयातमध्ये भारतको आयात ३५.२ प्रतिशतले र तेस्रो मुलुकतर्फको आयात ३४.२ प्रतिशतले बढेको छ ।

१५ आर्थिक वर्ष २०६२/६३ को पहिलो त्रयमाससम्म कुल विदेशी विनिमय सञ्चिति रु १३४ अर्ब ३१ करोड रहेको छ । यो सञ्चिति ९.६ महिनाको वस्तु आयात र ८.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।

# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६२/६३ को पहिलो त्रयमाससम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

१. आर्थिक वर्ष २०६१/६३ को पहिलो त्रयमाससम्ममा १.५ प्रतिशतले बढेको विस्तृत मुद्राप्रदाय आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा ३.१ प्रतिशतको उच्च दरले वृद्धि भएको छ । खुद वैदेशिक सम्पत्ति गत वर्ष घटेको विपरीत समीक्षा अवधिमा बढेको र खूद आन्तरिक सम्पति पनि गत वर्षभन्दा उच्च दरले वृद्धि भएको कारण समीक्षा अवधिमा मुद्राप्रदाय उच्च दरले बढेको हो ।

२. समीक्षा अवधिमा भएको विस्तृत मुद्राप्रदायको ३.१ प्रतिशतको विस्तारमा खूद आन्तरिक सम्पतिको योगदान २.५ प्रतिशत विन्दु रहेको छ भने खूद वैदेशिक सम्पतिको ०.५ प्रतिशत विन्दु रहेको छ । स्पष्टतः यसरी विस्तृत मुद्राप्रदाय वृद्धिको प्रमुख कारण आन्तरिक स्रोत रहेको छ ।

३. मौद्रिक विस्तारलाई माग पक्षबाट हेर्दा संचित मुद्रा घटने क्रम जारी रहेको हुँदा यसले मुद्राप्रदायको विस्तारमा संकुचनकारी भूमिका खेलेको छ । संचित मुद्रा गत वर्ष ६.५ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा पनि ३.० प्रतिशतले घटेको छ । अतः मुद्रा गुणकमा आएको वृद्धिको कारणले नै आर्थिक वर्ष २०६२।६३ को पहिलो त्रयमासमा मुद्राप्रदाय बढेको हो । वाणिज्य बैंकहरूको विदेशी बैंकमा रहेको मौज्दात बढेको र नेपाल राष्ट्र बैंकमा रहने वाणिज्य बैंकहरूको अधिक मौज्दातमा कमी आएकोले संचित मुद्राको परिमाण घटाएको छ भने मुद्रा गुणक बढाउन सहयोग पुयाएको छ ।

४. मुद्राप्रदायमा विस्तार ल्याउने आन्तरिक कर्जा गत वर्ष भन्दा कम दरले बढेको छ । आन्तरिक कर्जाका अंशहरुमध्ये निजी क्षेत्रलाई जाने कर्जा आर्थिक वर्ष २०६२।६३ को प्रथम त्रयमासमा ३.२ प्रतिशतले बढेको छ जव कि यस्तो कर्जा गत वर्ष ५.७ प्रतिशतले बढेको थियो । कर्जा असूलीतर्फ भएको उपलब्धिका कारण मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावीको विस्तार दरमा कमी आएको हो । आन्तरिक कर्जाको अर्को अंश, श्री ५ को सरकारमाथिको खुद दावी समीक्षा अवधिमा घटेको छ । त्यसैगरी गैरवित्तीय सरकारी संस्थानहरु र वित्तीय सरकारी संस्थानहरु माथिका दावीहरु पनि समीक्षा अवधिमा घटेका छन् । नेपाल आयाल निगम, नेपाल विद्युत प्राधिकरण र जनक शिक्षा सामाग्री केन्द्र जस्ता गैर वित्तीय सरकारी संस्थानहरूले तिर्न बाँकि ऋणमध्ये केही मात्रमा बैक ऋण भुक्तानी गरेका छन् । वित्तीय संस्थानहरूमा ग्रामीण विकास बैंकहरूले वाणिज्य बैकहरु सँग लिएको केही ऋण पनि भुक्तानी गरेका छन् ।

५. मौद्रिक क्षेत्रको कूल आन्तरिक कर्जामा सीमान्त दरले मात्र वृद्धि भएतापनि खुद अमौद्रिक दायित्वमा ४.८ प्रतिशतले कमी आएका कारण समीक्षा अवधिमा आन्तरिक सम्पत्ति ४.० प्रतिशतले बढेको छ । बैकिगं क्षेत्रको कर्जा असूलीका कारण कर्जा नोक्सानी व्यवस्थाको लागि

छुट्याइएको रकम घटेको र गैर बैकिगं सम्पति केही वृद्धि भएकोले खूद अमौद्रिक दायित्व घट्न गएको हो ।

६. समीक्षा अवधिमा, आवधिक निक्षेपको वृद्धिदर भने गत वर्षको तुलनामा बढी रहेको छ । विप्रेषण रकमको आप्रवाह संतोषजनक रहेको, वाणिज्य बैंकहरूले सीमान्त रुपमा भए पनि आवधिक निक्षेपको व्याजदर बढाएका र बचत परिचालन गर्न विगत केही महिनाहरूमा वाणिज्य बैकंहरूले विविध खाले कार्यक्रमहरू संचालन गरेका कारण आवधिक निक्षेपमा वृद्धि भएको हो ।

## मुद्रा बजार

७. आन्तरिक तरलता व्यवस्थापन गर्न र विनिमय दर परिवर्तन पनि व्यवस्थित (orderly) ढंगले होस् भन्ने अभिप्रायले समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले विदेशी मुद्रा बजारमा ११ पटक हस्तक्षेप गरी रु ७ अर्व ६४ करोड बराबरको अमेरिकी डलर खरीद गऱ्यो । यसवाट सो रकम बराबरको तरलता अर्थतन्त्रमा प्रवाह भयो । यसरी प्रंवाहित केही तरलतालाई नेपाल राष्ट्र बैंकले ट्रेजरी विल्सको खुला बजार कारोवार संचालन गरी सोझै बिकी बोलकबोल मार्फत् प्रशोचन गऱ्यो ।

८. मौद्रिक उपायहरुको माध्यमबाट बैंकिङ्ग क्षेत्रमा तरलता व्यवस्थापन गर्ने क्रममा नेपाल राष्ट्र बैंकले समीक्षा अवधिमा सोझै बिकी बोलकबोलमार्फत् रु ४ अर्व ३ करोड बराबरको तरलता प्रशोचन गऱ्यो भने सोझै खरीद बोलकबोलमार्फत् रु ५३ करोड तरलता प्रवाह ग-यो । यसको फलस्वरुप, बैंकिङ्ग क्षेत्रबाट खुद रु ३ अर्व ५० करोड बराबरको तरलता प्रशोचन भयो ।

९. नेपाल राष्ट्र बैंकले खुला बजारको माध्यमबाट प्रभावकारी तरलता व्यवस्थापन गर्दै आएकोले समीक्षा अवधिमा बैंकिङ्ग क्षेत्रमा अधिक तरलताको स्थिति न्यून रह्यो । फलस्वरुप गत वर्ष जस्तो यस वर्षको पहिलो त्रयमासमा अल्पकालीन व्याजदरहरुमा उच्च गिरावट आएन । २०६२ आश्विन महिनामा ९१ दिने ट्रेजरी विलको भारित औसत ब्याजदर र अन्तर बैंक कारोवारको भारित औसत दरहरु क्रमशः ३.१२९ प्रतिशत र ३.१७७ प्रतिशत रहे, जबकि गत वर्षको यसै अवधिमा ती दरहरु क्रमशः १.३४ प्रतिशत र ०.८२६ प्रतिशत रहेका थिए ।

१०. समीक्षा अवधिमा अन्तरबैंक कारोवारको सघनता बढेको छ । उदाहरणको लागि गत वर्षको पहिलो त्रयमासमा रु. २९ अर्ब ६२ करोड बराबरको अन्तरबैंक कारोवार भएकोमा २०६२/६३ को पहिलो त्रयमासमा सो कारोवार रकम रु. ५७ अर्ब २५ करोड पुगेको छ । फलस्वरुप, नेपाल राष्ट्र बैंकबाट वाणिज्य बैंकहरुले स्थायी तरलता सुविधा उपयोग गर्ने प्रवृत्तिमा कमी आएको छ । यस सुविधाअन्तर्गत गत वर्षको पहिलो त्रयमासमा वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकबाट रु ४ अर्ब १४ करोड स्थायी तरलता सुविधा लिएका थिए भने २०६२/६३ को पहिलो त्रयमासमा सो सुविधा अन्तर्गत जम्मा रु ३१ करोड ५ लाख मात्र ऋण लिएका छन् ।


११. रुग्ण उद्योग पुर्नकर्जा सुविधा पनि वाणिज्य बैंकहरुले समीक्षा अवधिमा गत वर्षभन्दा कम उपयोग गरेका छन् । २०६२ आश्विन मसान्तसम्ममा नेपाल राष्ट्र बैंकबाट वाणिज्य बैंकहरुलाई

प्रदान भएको कूल बाँकी रुग्ण उद्योग पुनर्कर्जा सुविधा रु ३ करोड ६० लाख रहेको छ । गत वर्षको यसै अवधिमा सो सुविधा रु ३२ करोड थियो ।

## धितोपत्र विनिमय बजार

१२. २०६१ आश्विन मसान्तमा २३१.३१ विन्दुमा रहेको नेप्से परिसूचक २०६२ असोज मसान्तमा ६६.०३ बिन्दु (२८.५ प्रतिशत) ले वृद्धि भई २९७.३४ पुगेको छ । अपर्याप्त वैकल्पिक लगानीका अवसरहरु, वाणिज्य बैंकहरुको मुनाफामा वृद्धि र निरन्तर रुपमा निजी क्षेत्रको विप्रेषण आप्रवाहमा वृद्धि भएकोले नेप्से परिसूचक बढेको हो ।

१३. २०६२ आश्विन महिनामा गत वर्षको सोही महिनाको तुलनामा संख्यात्मक तथा रकमगत् शेयर कारोवार दुवैमा गिरावट आएको छ । संख्यात्मक शेयर कारोबार ४३.८ प्रतिशतले र रकमगत कारोवार ४५.९ प्रतिशतले ह्रास भएका छन् । अघिल्लो बर्ष बाणिज्य बैंकहरु र उत्पादन तथा प्रशोधन समूहहरुले उनीहरुको Block share ठूलो संख्यामा बिक्री गरेको तर हाल सो अवस्था विद्यमान नरहेकोले गत बर्षसँग तुलना गर्दा यस बर्ष संख्यात्मक तथा रकमगत् शेयर कारोवार दुवैमा ठूलो ह्रास देखिएको हो । ब्यापारिक फर्म, बित्त कम्पनी र होटल समूहहरुको कारोवारमा उत्साहजनक वृद्धि भए तापनि शेयर बजार कारोवारमा प्रमुख अंश ओगटेको वाणिज्य बैंक समूहको दोश्रो बजार कारोवारमा गिरावट आएको छ ।




१४. नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा २०६१ आश्विन महिनामा सूचीकृत कम्पनीहरुको संख्या ११६ रहेकोमा २०६२ को आश्विन मसान्तसम्म सो संख्या १२५ पुगेको छ । सूचीकृत कम्पनीहरुको संख्यामा वृद्धि भए अनुरुप २०६१ आश्विन महिनाको तुलनामा २०६२ आश्विन महिनामा ती कम्पनीहरुको चुक्ता पूँजी ३९.२ प्रतिशतले वृद्धि भई रु १७ अर्ब ४६ करोड पुगेको छ । बैंक, वित्त कम्पनीहरु तथा बीमा कम्पनीहरुले नयाँ शेयर सूचीकृत गरेका तथा लाभप्रद शेयर जारी गरेकोले चुक्ता पूँजीमा वृद्धि भएको हो । गत वर्षको आश्विन महिनाको शेयर कारोबारमा ७४ वटा कम्पनीहरु संलग्न रहेकोमा यस वर्ष यस्ता कम्पनीहरुको संख्या १०.८ प्रतिशतले बढेर ८२ वटा पुगेका छन् । समीक्षा महिनामा सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण ५२.९ प्रतिशतले वृद्धि भई

रु. ६८ अर्ब १ करोड पुगेको छ । बजार पूँजीकरण कुल गार्हस्थ्य उत्पादन अनुपात २०६१ आश्विनको ९.० प्रतिशतको तुलनामा २०६२ आश्विनमा १२.८ प्रतिशत पुगेको छ ।

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

१५. वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क ( २०५२/५३ =१००) २०६२ आश्विनमा ७.८ प्रतिशतले बढेको छ । २०६१ आश्विनमा यस्तो बृद्धिदर २.६ प्रतिशत मात्र रहेको थियो । गत वर्षको दाँजोमा मूल्य सूचकाङ्कमा उच्च दरले वृद्धि हुनुमा चामल तथा चामलजन्य पदार्थको मूल्यमा भएको उच्च वृद्धि तथा पेट्रोलियम पदार्थको मूल्य वृद्धिबाट घरायसी सरसामान तथा सेवाहरु, यातायात एवं सञ्चारका साथै पेय पदार्थ तथा रेष्टुराँको खानाको मूल्यमा भएको वृद्धि प्रमुख कारकको रुपमा रहेको छ । साथै, समीक्षा अवधिमा माछा,मासु तथा फूल, शिक्षा, शैक्षिक सामाग्री तथा मनोरञ्जनका साथै दलहनको मूल्यमा भएको वृद्धि समेतले गर्दा मूल्य सूचकाङ्कको वृद्धिदर उच्च रहेको हो । आर्थिक वर्ष २०६१/६२ को पहिलो त्रयमासमा वार्षिक औषत मूल्य वृद्धिदर ३.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६१/६२ को पहिलो त्रयमासमा वार्षिक औषत मुद्रास्फितिदर ५.६ प्रतिशत रहेको छ ।

१६. खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क गत वर्ष २.१ प्रतिशतले बढेकोमा यस वर्ष ७.५ प्रतिशतले बढेको छ । अन्न तथा अन्नबाट बनेका परिकारहरु, चिनी तथा चिनीजन्य पदार्थ, पेय पदार्थ, रेष्टुराँको खाना, माछा-मासु तथा फुल एवं  दलहनको मूल्य बढेको कारण गत वर्षको तुलनामा समीक्षा अवधिमा यस समूहको मूल्य सूचकाङ्क बढेको हो । यस समूह अन्तर्गतका उप-समूहहरुमध्ये अन्न तथा अन्नबाट बनेका परिकारहरु (१४.६ प्रतिशत); चिनी तथा चिनीजन्य पदार्थ (११.७ प्रतिशत); पेय पदार्थ (८.८ प्रतिशत); रेष्टुराँको खाना (८.५ प्रतिशत); दलहन (६.० प्रतिशत); दूध तथा दुग्धजन्य पदार्थ (४.३ प्रतिशत); मासु, माछा तथा फुल (४.२ प्रतिशत) साथै तरकारी तथा फलफूल (०.९ प्रतिशत) को मूल्यमा वृद्धि हुन गएको छ भने तेल तथा घ्यू (३.६ प्रतिशत) र मरमसला (१.४ प्रतिशत) को मूल्यमा ह्रास आएको छ ।

१७. यस वर्ष गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ८.३ प्रतिशतले बढेको छ । गत बर्ष यस्तो मूल्य सूचकाङ्क ३.० प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिको प्रभावबाट घरायसी वस्तु तथा सेवा एवं यातायात तथा संचारको मूल्यमा परेको उच्च दवावको कारण यस समूहको मूल्य सूचकाङ्कमा बढी दरले वृद्धि भएको हो । यस समूह अन्तर्गतका उप-समूहहरुमा यातायात तथा संचार (१६.५ प्रतिशत); घरायसी सामान तथा सेवाहरु (१३.७ प्रतिशत); शिक्षा, शैक्षिक सामाग्री तथा मनोरञ्जन (५.७ प्रतिशत); सूर्ती तथा सूर्तीजन्य पदार्थ (५.६ प्रतिशत); लत्ता कपडा तथा तयारी लुगा २.८ प्रतिशत); जुत्ता (२.६ प्रतिशत) र औषधी तथा व्यक्तिगत हेरचाह  (२.२ प्रतिशत) सबैको मूल्यमा वृद्धि भएको छ ।

१८. क्षेत्रगत आधारमा हेर्दा समीक्षा अवधिमा सबैभन्दा बढी तराईमा ८.६ प्रतिशतले र सबैभन्दा कम काठमाडौं उपत्यकामा ६.४ प्रतिशतले मूल्य वृद्धि भएको छ भने पहाडमा ८.५ प्रतिशतले मूल्य वृद्धि भएको छ । गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर सबैभन्दा बढी काठमाडौं उपत्यकामा ३.६

प्रतिशतले र सबैभन्दा कम पहाडमा २.० प्रतिशतले भएको थियो भने तराईमा २.३ प्रतिशतले भएको थियो ।


**थोक मूल्यमा आधारित मुद्रास्फीति**

१९. वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क (२०५६।५७ = १००) २०६२ आश्विन महिनामा ९.४ प्रतिशतले बृद्धि भई १३५.० विन्दुमा पुगेको छ । गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ६.० प्रतिशत मात्र रहेको थियो । गत वर्षको तुलनामा समीक्षा अवधिमा नगदेवाली तथा लत्ताकपडाको मूल्यमा ह्रास आएतापनि खाद्यान्न तथा पशुजन्य पदार्थको मूल्यमा भएको वृद्धिको साथै पेट्रोलियम पदार्थ र कोइला एवं  रासायनिक मल तथा रासायनिक बस्तुको मूल्यमा भएको उच्च दरको वृद्धिबाट समग्र मूल्य सूचकाङ्कमा बढी दरले वृद्धि भएको हो । समूहगत रुपमा कृषि सम्बन्धी बस्तुहरु, स्वदेशमा उत्पादित बस्तुहरु र आयातित बस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः १०.० प्रतिशत, ४.३ प्रतिशत र ११.८ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०६१/६२ को पहिलो त्रयमाससम्ममा वर्षिक औषत मूल्य वृद्धिदर ४.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ को पहिलो त्रयमासमा वार्षिक औसत मूल्य वृद्धिदर ८.१ प्रतिशत रहेको छ ।


## सरकारी वित्त स्थिति

२०. नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६२/६३ को पहिलो त्रयमाससम्ममा श्री ५ को सरकारको बजेट घाटा ८८.० प्रतिशतले घटेको छ । कुल सरकारी खर्चको तुलनामा गैर–ऋण साधन परिचालनको वृद्धिदर अधिक रहेकोले यस अवधिमा बजेट घाटा रु. ५ करोड मात्र रहेको छ । गत वर्ष यसै अवधिमा रु. ४२ करोड बजेट घाटा रहेको  थियो । यस वर्ष वैदेशिक नगद ऋण रु. १ अर्ब ७ करोड परिचालन भएको हुँदा सो रकमबाट अन्य शीर्षकमा रु. ३ करोड मिलान गरी २०६२ आश्विन मसान्तमा श्री ५ को सरकारको खातामा रु. २ अर्ब १८ करोड बचत रहेको छ । गत बर्षको यसै अवधिमा रु. ८५ करोड मात्र बचत रहेको थियो ।

२१. आर्थिक वर्ष २०६१/६२ को पहिलो त्रयमाससम्ममा कुल खर्च ३.१ प्रतिशतले घटेकोमा यस वर्ष १२.४ प्रतिशतले बढेर रु.१६ अर्ब ६१ करोड पुगेको  छ । यस वर्षको कुल खर्चमध्ये चालु खर्चतर्फ रु. १२ अर्ब २४ करोड (७३.७ प्रतिशत), पूजीगत खर्चतर्फ रु. १ अर्ब ४५ करोड (८.७ प्रतिशत) सांवा भुक्तानीतर्फ रु. ६१ करोड (३.७ प्रतिशत) र फ्रिजतर्फ रु. २ अर्ब ३१ करोड (१३.९प्रतिशत) रहेको छ । स्मरण रहोस गत वर्ष यसै अवधिको कुल सरकारी खर्चमा चालु खर्चको अंश ७८.० प्रतिशत, पूजीगत खर्चको अंश ५.६ प्रतिशत र साँवा भुक्तानीको अंश ७.१ प्रतिशत रहेको थियो भने फ्रिज खर्चको अंश ९.४ प्रतिशत  थियो ।




२२. गत वर्ष १६.७ प्रतिशतले वृद्धि भएको गैर ऋण साधन (राजस्व, गैरबजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष १५.३ प्रतिशतले वृद्धि भई रु. १६ अर्ब ५६ करोड पुगेको छ। सरकारी साधनको प्रमुख स्रोत (७७.३ प्रतिशत अंश) को रुपमा रहेको राजस्व गत वर्ष १७.३ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ०.६ प्रतिशतको सीमान्त दरले मात्र वृद्धि भई रु. १२ अर्ब ७९ करोड पुगेको छ। गत वर्ष रु. १ अर्ब ६६ करोड बराबरको बाह्य अनुदान प्राप्त भएकोमा यस बर्ष ८.५ प्रतिशतले ह्रास भई रु. १ अर्ब ५२ करोड मात्र प्राप्त भएको छ।




२३. यस वर्ष कुल खर्चको तुलनामा कुल गैर-ऋण साधन बढी दरले वृद्धि भएको फलस्वरुप सरकारी खातामा रकम बचत हुन गई २०६२ आश्विन मसान्तसम्ममा श्री ५ को सरकारको तिर्न बाँकी आन्तरिक ऋण २०६२ आषाढको रु. ९० अर्ब १९ करोडबाट २०६२ आश्विन मसान्तमा रु. ८९ अर्ब २७ करोडमा झरेको छ।

## वैदेशिक व्यापार

२४. भन्सारबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक बर्ष २०६२/६३ को पहिलो त्रयमासमा कुल निर्यात १७.९ प्रतिशतले बृद्धि भई रु. १५ अर्ब ८० करोड पुगेको छ। त्यसैगरी कुल आयात ३४.८ प्रतिशतले वृद्धि भई रु. ४१ अर्व ९१ करोड पुगेको छ। फलस्वरुप, यस अवधिमा कुल व्यापार घाटा ४७.६ प्रतिशतले बढी रु. २६ अर्व ११ करोड पुगेको छ भने कुल व्यापार प्रवाह २९.७ प्रतिशतले बढी रु. ५७ अर्व ७१ करोड पुगेको छ। गत बर्षको सोही अवधिमा कुल निर्यात ११.४ प्रतिशतले बढेको तथा

कुल आयात १.४ प्रतिशतले घटेको कारण व्यापार घाटा ९.३ प्रतिशतले घटेको थियो भने कुल व्यापार २.१ प्रतिशतले वृद्धि भएको थियो ।

२५. समीक्षा अवधिमा भारततर्फको निर्यात ३१.२ प्रतिशतले बढी रु. १० अर्व ६५ करोड पुगेको छ भने अन्य मुलुक तर्फको निर्यात २.५ प्रतिशतले घटेर रु. ५ अर्व १५ करोडमा सीमित भएको छ । गत बर्षको सोही अवधिमा भारततर्फको निर्यात ३२.३ प्रतिशतले वृद्धि भएको थियो भने अन्य मुलुकतर्फको निर्यात १०.३ प्रतिशतले ह्रास भएको थियो । यस बर्ष भारततर्फ निर्यात हुने प्रमुख वस्तुहरुमध्ये अलैंची, वनस्पति घ्यू, चाउचाउ, जी.आई. पाता, जी.आइ पाइप, पोलिष्टर धागो र तयारी पोशाकको निर्यातमा वृद्धि भएको छ भने दन्तमन्जन, धागो, ढुटोको तेल, तथा एम. एस. पाइपको निर्यातमा ह्रास आएको छ । यसैगरी अन्य मुलुकतर्फ दाल, चिया र गरगहनाको निर्यात बढे तापनि तयारी पोशाक, पश्मिना तथा ऊनी कार्पेटको निर्यातमा ह्रास आएको छ ।

२६. निर्यात भएका वस्तुहरुको समूहगत संरचना हेर्दा भारततर्फ भएको निर्यातमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश गत वर्ष क्रमशः २१.६ प्रतिशत र ७८.४ प्रतिशत रहेकोमा यस बर्ष क्रमशः ३०.२ प्रतिशत र ६९.८ प्रतिशत रहेको छ । त्यसैगरी अन्य मुलुकतर्फको निर्यातमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश गत वर्ष क्रमशः ५.४ प्रतिशत र ९४.६ प्रतिशत रहेकोमा यस बर्ष क्रमशः ६.४ प्रतिशत र ९३.६ प्रतिशत पुगेको छ ।

२७. गत बर्ष भारतबाट भएको आयात १२.८ प्रतिशतले वृद्धि भएकोमा यस बर्ष ३५.२ प्रतिशतले वृद्धि भई रु. २६ अर्व ७ करोड पुगेको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात गत बर्ष १८.२ प्रतिशतले घटेकोमा यस बर्ष ३४.२ प्रतिशतले बृद्धि भई रु. १५ अर्व ८४ करोड पुगेको छ । यस बर्ष भारतबाट मुख्यतया चामल, रसायन, रासायनिक मल, धागो, पेट्रोलियम पदार्थ, एम.एस. विलेट, हट रोल्ड शीट, तयारी पोशाक एवं विद्युतीय उपकरण तथा सामाग्रीको आयात बढेको छ भने औषधि, कपडा, यातायातका साधन तथा पुर्जा, अन्य यान्त्रिक उपकरण तथा पूर्जा, एम.एस. वायर रड र कोल्ड रोल्ड शीटको आयात घटेको छ । त्यसैगरी अन्य मुलुकबाट चिनी, टेक्सटाइल डाई, कपडा, प्लाष्टिकका दाना, कच्चा सोयाविन तेल, कच्चा पाम तेल, स्टीलको तार, कम्प्यूटर तथा पुर्जाहरु, दूरसंचारका उपकरण तथा पूर्जाहरु र यातायातका साधन तथा पूर्जाहरुको आयात बढेको छ भने रासायनिक मल, कच्चा ऊन र टेलिभिजन, डेक तथा पुर्जाहरुको आयात घटेको छ ।

२८. आयातको संरचनालाई हेर्दा भारतबाट भएको कुल आयातमा औद्योगिक कच्चापदार्थ तथा पूँजीगत सामानको अंश ४७.२ प्रतिशत र पेट्रोलियम पदार्थको अंश २९.३ प्रतिशत रहेको छ भने बाँकी २३.५ प्रतिशत उपभोग्य सहितका विविध वस्तुहरुको अंश रहेको छ । गत वर्षको सोही अवधिमा भारतबाट भएको आयातमा उक्त समूहगत वस्तुहरुको अंश क्रमश ४४.४ प्रतिशत, २७.१ प्रतिशत र २८.५ प्रतिशत रहेको थियो । त्यसैगरी अन्य मुलुकबाट भएको आयातमा औद्योगिक कच्चा पदार्थ तथा पूँजीगत सामानको अंश गत वर्षको ५०.४ प्रतिशतबाट बढेर यस वर्ष ६१.३ प्रतिशत पुगेको छ ।

२९. कुल व्यापारमा भारतको अंश गत बर्षको ६१.६ प्रतिशतबाट बढेर यस बर्षको पहिलो त्रयमासमा ६३.६ प्रतिशत पुगेको छ भने अन्य मुलुकतर्फको अंश सोही अवधिमा ३८.४ प्रतिशतबाट ३६.४ प्रतिशतमा झरेको छ ।

३०. नेपालको कुल निर्यात/आयात अनुपात (Export/Import ratio) गत बर्ष ४३.१ प्रतिशत रहेकोमा यस बर्ष यो अनुपात घटेर ३७.७ प्रतिशतमा झरेको छ । भारततर्फको निर्यात/आयात अनुपात गत बर्ष ४२.१ प्रतिशत रहेकोमा यस बर्ष ४०.८ प्रतिशतमा ओर्लेको छ । अन्य मुलुकतर्फ यस्तो अनुपात गत बर्ष ४४.८ प्रतिशत रहेकोमा यस बर्ष ३२.५ प्रतिशत रहेको छ ।

## शोधनान्तर स्थिति

३१. मौद्रिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६२/६३ को पहिलो त्रयमाससम्ममा शोधनान्तर बचत रु. १ अर्ब ५४ करोड रहेको छ । शोधनान्तर तथ्याङ्क अनुसार यस वर्षको प्रथम दुई महिनामा रु. २ अर्ब १३ करोड शोधनान्तर बचत भएको छ । आर्थिक वर्ष २०६१/६२ को सोही अवधिमा नेपालको शोधनान्तर स्थिति रु. १ अर्ब ४१ करोडले घाटामा रहेको थियो । खुद सरकारी ऋण आप्रवाह तथा निजी क्षेत्रको विप्रेषणमा वृद्धिको कारण यस वर्ष शोधनान्तरमा यस्तो बचत सृजना भएको हो ।

३२. आर्थिक वर्ष २०६२/६३ को प्रथम दुई महिनाको शोधनान्तर तथ्याङ्क अनुसार चालु खाता (Current Account) बचत रु. २ अर्ब ९५ करोडले ऋणात्मक रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खातामा रु. ३ अर्ब ९७ करोडको बचत रहेको थियो । खुद ट्रान्सफर आयमा वृद्धिको क्रम कायमै रहे तापनि व्यापार घाटामा उल्लेख्य वृद्धि तथा खुद सेवा आयमा ह्रास आएको कारण चालू खातामा यसरी घाटा भएको हो । ट्रान्सफर आयतर्फ निजी क्षेत्रको विप्रेषण (Workers' Remittances) गत वर्ष पहिलो दुई महिनामा ११.४ प्रतिशतले ह्रास भएको तुलनामा यस वर्ष १२.८ प्रतिशतले वृद्धि भई रु. ११ अर्ब ९७ करोड पुगेको छ ।

३३. पूँजी खाता अर्न्तगत यस वर्ष रु. ७८ करोड बराबर पूँजीगत ट्रान्सफर प्राप्त भएको छ । गत वर्ष पूँजीगत ट्रान्सफर रु. १४ करोड प्राप्त भएको थियो ।

३४. वित्तीय खाता (Financial Account) तर्फ यस वर्षको पहिलो दुई महिनामा रु. ५३ करोड बराबरको सरकारी ऋण आप्रवाह भएको र साँवा भुक्तानी रु. ५६ करोड भएको छ । गत वर्षको पहिलो दुई महिनामा रु. २२ करोड सरकारी ऋण आप्रवाह भएको थियो । समीक्षा अवधिमा विदेशी मुद्रा तथा निक्षेप दायित्व रु. ६ करोडले घटेको छ ।

## विदेशी विनिमय संचिति

३५. २०६२ आश्विन मसान्तमा कुल विदेशी विनिमय संचिति ४.२ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ३४ अर्ब ३१ करोड पुगेको छ । गत वर्ष आश्विन मसान्तमा यस्तो संचिति २०.५ प्रतिशतले वृद्धि भई रु. १ खर्व २८ अर्व ९२ करोड पुगेको थियो । २०६१ आश्विनको तुलनामा २०६२ आश्विनमा परिवर्त्य बिदेशी विनिमय संचिति ४.८ प्रतिशतले वृद्धि भएको छ । बैंकिङ्ग प्रणालीबाट आउने बिप्रेषण रकम बढेको कारण परिवर्त्य संचिति यसरी बढेको हो । अपरिवर्त्य

संचिति यस अवधिमा ५.० प्रतिशतले घटेको छ । विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश गत वर्षको ९३.८ प्रतिशतबाट बढेर ९४.४ प्रतिशत पुगेको छ भने सोही अनुसार अपरिवर्त्य संचितिको अंश ६.२ प्रतिशतबाट घटेर ५.६ प्रतिशतमा सीमित रहेको छ । आर्थिक वर्ष २०६२/६३ को पहिलो त्रयमाससम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले ९.६ महिनाको वस्तु आयात र ८.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ ।

### अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

३६. अर्न्तराष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६१ आश्विन मसान्तमा प्रति व्यारल अमेरिकी डलर ५१.१५ रहेकोमा २०६२ आश्विन मसान्तमा १३.९ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ५८.२४ पुगेको छ । यसै गरी सुनको मूल्य २०६१ आश्विन मसान्तको तुलनामा २०६२ आश्विन मसान्तमा १०.८ प्रतिशतले बृद्धि भई प्रति औंस अमेरिकी डलर ४२०.४ बाट अमेरिकी डलर ४६६.० पुगेको छ ।

३७. २०६१ आश्विन मसान्तमा अमेरिकी डलर एक को विनिमय दर रु ७४.२५ रहेकोमा २०६२ आश्विन मसान्तमा ने.रु. ३.६ प्रतिशतले पुनर्मूल्यन भई सो दर रु. ७१.६५ मा रहेको छ ।

*****